# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## कैलारी गाउँपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५३२

मितिः २०७७/०३/२८

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कैलारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः२०७६।७७
च.नं ५३३ मितिः २०७७/०३/२८

श्री अध्यक्षज्यू,
कैलारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.४ करोड ९७ लाख ४० हजार बेरुजु कायम भएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. १ कारेड १० लाख ९० हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५३ लाख ११ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. ५४ लाख ८० हजार तथा पेश्की बाँकी रु. १ करोड ७८ लाख ५९ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# कैलारी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न भीमदत्त गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता,सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा रहेको यस गाँउपालिकाको वडा संख्या ९ र क्षेत्रफल २३३.२७ वर्ग किलोमिटर तथा २०६८ सालको जनगणना अनुसार जनसंख्या ४७९८७ रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | | ४३२९२७५७.७६ | **१** | **चालु खर्च** | | २४२६८८२६७.०९ |
| | क) नगद | | ०० | **२** | **पूँजीगत खर्च** | | २४१४२६७९९.१३ |
| | ख) बैंक | | ०० | **३** | **वित्तीय व्यवस्था भुक्तानी** | | ०० |
| **२** | **राजस्व (आन्तरिक आय)** | | १०९३३२५६७.७७ | | क) ऋण भुक्तानी | | ०० |
| | क) आन्तरिक राजस्व | २५४३३६३६.६८ | ०० | | ख) ब्याज भुक्तानी | | ०० |
| | ख) राजस्व बाँडफाँड | ८१०१७००१.३७ | ०० | | ग) अन्य भुक्तानी | | ०० |
| | ग) अन्य आय | २८८१९२९.७२ | ०० | **४** | **लगानी** | | ०० |
| **३** | **वित्तीय हस्तान्तरण संघ** | | ३८२७५९५०० | | ऋण लगानी | | ०० |
| | क)वित्तीय समानीकरण अनुदान | १४११००००० | ०० | | शेयर लगानी | | ०० |
| | ख) सशर्त अनुदान | १६६९५३५०० | ०० | | अन्य लगानी | | ०० |
| | ग) समपूरक अनुदान | ०० | ०० | **५** | **धरौटी फिर्ता** | | २७१७४८ |
| | घ) विशेष अनुदान | ७४७०६००० | ०० | **६** | **जनश्रमदान फिर्ता** | | ०० |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७५८०००० | **७** | **कोष खर्च** | | ०० |
| | क)वित्तीय समानीकरण अनुदान | ७५८०००० | ०० | **८** | **मौज्दात** | | ३४५३६७६१.९० |
| | ख) सशर्त अनुदान | ०० | ०० | | (क) बैंक मौज्दात | ३४५३६७६१.९० | ०० |
| | ग) समपूरक अनुदान | ०० | ०० | | (ख) नगद मौज्दात | | ०० |
| | घ) विशेष अनुदान | ०० | ०० | ९ | **शसर्त अनुदान फिर्ता** | | २४२९५३७०.३३ |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०० | १० | **गत बर्षको बढी अल्या** | | ०० |
| **६** | **अन्य** | | ०० | ११ | **जनश्रमदान मौज्दात** | | ०० |
| | क) क्षेत्रिय सहरी विकास आयोजना | | ०० | १२ | **धरौटी मौज्दात** | | ३१६५६०९.१६ |
| | ख) सडक वोर्ड नेपाल | | ०० | १३ | **कोष खाताको मौज्दात** | | १८३८२४०.०८ |
| | ग) पर्यटन बोर्ड नेपाल | | ०० | | कर्मचारी कल्याणकोष | १११७१८३.०८ | ०० |
| | घ) एन एन एस डब्लु ए | | ०० | | मर्मत सम्भार कोष | ७२१०५७ | ०० |
| **७** | **कर्मचारी कल्याण कोषतर्फको आय** | | १८२०६१३ | | | | ०० |
| **८** | **जनसहभागिता (नगद)** | | ०० | | | | ०० |
| **९** | **विषयगत निकायबाट प्राप्त** | | ०० | | | | ०० |
| **१०** | **धर्रौटी आय** | | ३४३७३५७.१६ | | | | ०० |
| **११** | **लगानीको साँवा फिर्ता** | | ०० | | | | ०० |
| **१२** | **अन्य विविध आय** | | ०० | | | | ०० |
| | **जम्मा** | | **५४८२२२७९५.६९** | | **जम्मा** | | ५४८२२२७९५.६९ |

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **श्रोत अनुमान तथा वजेट सिमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेकोमा गाँउपालिकाले उल्लेखित प्रक्रिया पुरा गरी बजेट तर्जुमा गरेको देखिएन । | |
| २. | **वजेट, कार्यक्रम तर्जुमा तथा योजना छनोट –** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यिय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस बर्ष कार्यपालिकाबाट भएका सवै योजनाहरु गाँउसभावाट अनुमोदन भएको पाईयो । | |
| ३. | **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै गाँउपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ४. | **खर्च गर्ने अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने ब्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने ब्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ५. | **गाँउ सडक गुरुयोजना -** गाँउपालिका अनुदानबाट सडक/पक्की नाला/ढल आदि योजनाहरु छनौट गर्दा पालना गर्नुपर्ने शर्तहरु अन्तर्गत ७ वटा शर्तहरु उल्लेख गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय गाँउपालिका योजना तथा व्यवस्थापन शाखाको च.नं.५.२.९६ मिति २०७३।८।१३ पत्रबाट गाँउपालिकाहरुलाई परिपत्र गरेको छ । गाँउपालिकाले योजना छनौट गर्दा गाँउपालिकाको एम.टि.एम.पि को क्लास ए अन्तर्गत पहिलो प्राथमिकता प्राप्त सडक योजना छनौट गर्नुपर्ने र एम.टि.एम.पि तयार नभएको हकमा गाँउपालिकाको पहिलो प्राथमिकता प्राप्त सडक छनौट गर्नुपर्ने उल्लेख छ । यस गाँउपालिकाको एम.टि.एम.पि तयारी भै नसकेको साथै गाँउपालिकाले समेत आफ्नो क्षेत्रभित्रका सडकहरुको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त सडकको अभिलेख (Inventory) नराखेकोले यस गाँउपालिकाबाट कार्यान्वयनमा ल्याइएका सडक योजनाहरु प्राथमिकता प्राप्त सडकहरु हुन भनि आश्वस्त हुने अवस्था छैन । तसर्थ गाँउपालिकाको श्रोतको उच्चतम उपयोग र योजनाको दिगोपनाको लागि एम.टि.एम.पि तयारी तथा स्वीकृत गरी प्राथमिकता प्राप्त योजनाहरुको अभिलेख (Project Bank) बनाई सोही बमोजिम योजना छनौट तथा सञ्चालन हुनुपर्दछ । | |
| ६. | **आन्तरिक ऋण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालीकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाँउपालीकाले यो वर्ष ऋण लिएको अभिलेखबाट देखिएन । ऋण सम्बन्धी अभिलेख लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा अन्य व्यहोरा उल्लेख गर्न सकिएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख –** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **फोहोरमैला व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा नियमावलीमा कुहिने र नकुहिने फोहोर श्रोतमा नै (घरमा) बर्गिकरण गर्ने तथा सोही बमोजिम ढुवानी तथा सम्बन्धित ल्याण्डफिल साइटमा विर्सजन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको श्रोतमा बर्गिकरण ढुवानी तथा विर्सजन गरेको अभिलेखबाट देखिएन । गाँउपालिकाबाट फोहर व्यवस्थापन (विर्सजन) को लागि ल्याण्डफिड निर्माण गरी प्रयोगमा ल्याएको नपाइएकोले फोहोर व्यवस्थापनमा (Solid waste management) गाँउपालिकाको अवस्था कमजोर देखियो । नियमानुसार फोहोरको बर्गिकरण, ढुवानी र विर्सजन गर्ने गरी फोहोर व्यवस्थापन गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| ९. | **अनुगमन एवं पृष्ठपोषण -** गाँउपालिकाबाट संचालित कार्यक्रम तथा योजनाहरु समयमै र गुणस्तरीय रुपमा संचालन भएको आश्वस्त हुनको लागि संचालित कार्यक्रमको अनुगमन तथा अनुगमनबाट देखिएका व्यहोराहरु संलग्न गरी प्रतिवेदन गर्ने प्रतिवेदनको आधारमा सुधारका लागि पृष्ठपोषण लिने तथा भुक्तानी म्याद थप जस्ता विषयमा अनुगमन प्रतिवेदनसँग आवद्ध गराई प्राप्त पृष्ठपोषण बमोजिम निर्णय लिनुपर्नेमा गाँउपालिकाबाट भएको अनुगमन तथा सोको पृष्ठपोषणको अवस्था कमजोर दे ाvकारीता बखियो । स्वीकृत कार्यक्रम तोकिएको गुणस्तर, समय परिमाण र लागतमा सम्पन्न छन छैनन यकिन गरी प्रभढाउन अनुगमन र पृष्ठपोषणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |
| १०. | **कन्टिजेन्सी खर्च व्यवस्थापन -** बहुवर्षिय रुपमा सम्पन्न हुने योजनाको कन्टिजेन्सी खर्चको योजनागत अभिलेख खाता राख्नुपर्नेमा गाँउपालिकाले योजनागत लागत अनुमानका आधारमा कन्टिजेन्सी कट्टी तथा खर्च अभिलेख नराखी कुल पूँजिगत खर्चको २.५ प्रतिशतको सिमामा रहने गरी खर्च गर्ने गरेको कन्टिन्जेन्सी खर्च अभिलेख खाताबाट पाईयो । गाँउपालिकाले राख्ने अभिलेखबाट चालु कार्य सम्पन्न हुने योजनाको सम्बन्धमा बजेटको सिमा भित्र रहने गरी खर्च गरेको देखिएतापनि योजनागत कन्टिन्जेन्सी खर्च खाता राखी खर्च व्यवस्थापनमा सुधार हुनु पर्ने देखिन्छ । | |
| ११. | **सार्वजनिक खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रत्रियामा  मितव्ययीता, प्रतिस्पर्धा, इमान्दारीता, जवाफदेहिता र विश्वसनियता प्रर्वद्धन गरी मितव्ययी र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद प्रक्रियामा सहभागि हुने समान अवसर श्रृजना गरी सुशासनको प्रत्याभुती गर्ने उल्लेख गर्दै खरिद गुरुयोजना तथा खरिद योजना तयारी, खरिद विधिको छनौट लगायत सार्वजनिक खरिद चक्रका प्रत्येक चरणमा सार्वजनिक निकायले पालना गर्नुपर्ने कानुनी तथा कार्यविधिगत व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा उल्लेख छ । उक्त ऐन तथा नियमावलीको पुर्ण पालना बेगर गाँउ कार्यपालिको निर्णयको आधारमा कार्य गराई खरिद सम्बन्धि कानुनको पुर्णपालना गाँउपालिकाबाट भएको देखिएन । | |
| १२. | **सामाजिक सुरक्षा -** गाँउपालिकाबाट सामाजिक सुरक्षा वितरणको लागि निम्न बैंकहरुमा आर्थिक बर्ष २०७५।७६ मा पठाएको रकम मध्ये लाभग्राहीलाई वितरण पश्चात निम्न रकम वैंकवाट फिर्ता गरी संचीत कोष दाखिला भएको छ । | |
| १२.१ | **तथ्यांक अध्यावधिक -** सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङक कार्यविधि बमोजिम अद्यावधिक गर्नुपर्दछ । गाँउपालीकामा रहेको लाभग्राहीको तथ्यांक अनुसारका व्याक्तिहरुको लागि सामाजिक सुरक्षा भत्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दिने गरेको देखियो । जस मध्ये केही वडाहरुमा पञ्जिकरण सम्बन्धि अद्यावधिक विवरण तयार नभएकोले मृत्यु भएका व्यक्तिहरुको लगत कट्टा नभएको जानकारी प्राप्त भयो । गाँउपालीकाले घटना दर्ता विवरण समयमानै अध्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख राख्नुपर्ने देखिन्छ । यसरी अभिलेख नराख्दा सामाजिक सुरक्षा भत्ता वितरण रकम यकिन गर्न सकिएन । | |
| | **आन्तरीक आय व्यवस्थापन तर्फ :** | |
| १३. | **आयको ठेक्का** - कार्यालयले पेश गरेको विवरणमा विभिन्न शिर्षक र क्षेत्रमा यो बर्ष कुनै पनि आय ठेक्का लगाएको पाइएन । गत बिगतमा लगाएका ठेक्काहरुबाट रु १,०३,४९,८७६/- अशुल हुन बाँकी रहेको देखिन्छ । | |
| १३.१ | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र पसल भाडा वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त वि वरण अनुसार आ.ब.२०७५।७६ मा ठेक्का बापत असुल हुन बाँकी रु.१,०३,४९,८७६/- रहेको विवण प्राप्त भएको छ । सो रकम असूल गरी दाखिला गर्नपर्दछ । | १,०३,४९,८७६/- |

| सि.नं. | ठेक्काको नाम | ठेकेदारको नाम | अशुल हुन बाँकी रकम |
|---|---|---|---|
| १ | दुवरी ताल वडा नं.८ | श्री जयादेवी चौधरी वडा नं.८ | १४१८३४ |
| २ | लठठहुवा ताल वडा नं.१ | मनोज कुमार महतो | १८००००० |
| ३ | भट्टी ताल | विश्व प्रसाद पौडेल | १६२०० |
| ४ | मसुरिया ताल | विश्व प्रकाश पौडेल | ३००००० |
| ५ | परसुवा ताल | सूय नारायण महतो | ५१४०० |
| ६ | कोइलही ताल | यम चौधरी | २२२२२२ |
| ७ | कोइलही ताल | धन ब.राना | १२३००० |
| ८ | कोइलही ताल | विश्व प्रकाश पौडेल | १५०००० |
| १० | उत्तर रखौनी ताल | प्रविन कुमार चौधरी | ३०४२०० |
| ११ | रखौनी भगनपुरान | उमेश सिंह थारु | ३४०००० |
| १२ | दक्षिण रखौनी भगनपुरान | आनन्द कुमार थापा | २४००२० |
| १३ | कमल पोखरी ताल वडा नं.३ | भूमिराज बिल्डर्स प्रा.लि. | १७००००० |
| १४ | गा.पा.भित्र संकलन उत्खनन हुने नदी जन्य पदार्थ बिक्री | भूमिराज बिल्डर्स प्रा.लि. | ३०५००० |
| १५ | ठूलो कोइलही ताल | कृष्ण गिरी | ४०९५००० |
| १६ | सामरलोटना ताल | यम चौधरी | १२०००० |
| १७ | लम्की ताल | पतिराम चौधरी | ३०००० |
| १८ | गा.पा.हाताभित्र रहेको सपिङ्ग कम्प्लेक्सन कोठा नं. २ | रोशन चौधरी | ५४००० |
| १९ | गा.पा.हाताभित्र रहेको सपिङ्ग कम्प्लेक्सन कोठा नं.१ | पशुराम चौधरी | ५४००० |
| २० | गा.पा हाताभित्र रहेको सटर कोठा नं. ३ | अनिता चौधरी | ५४००० |
| २१ | साझा हाता भित्र रहेको सटर कोठा नं.३ | लल्ला प्रसाद चौधरी | ५४००० |
| २२ | खोनपुर राजघाट वडा नं.३ | किस्मत चौधरी | १५०००० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

| | | | |
|---|---|---|---|
| २३ | निमुवाबोभ्कीघाट | गोपी किशन चौधरी वडा नं. | ४५००० |
| | | | १,०३,४९,८७६/- |

</td><td></td></tr>
<tr><td>१३.२</td><td>राजश्व अभिलेख - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.३</td><td>रसिद नियन्त्रण खाता - कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१३.४</td><td>राजश्व दाखिला - प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला गाँउमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत ९ वटा वडा कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन ।</td><td></td></tr>
<tr><td>१४.</td><td>सवारी कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष उक्त कर संकलन गरेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूली गर्ने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाँउपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाँउपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भए तापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>स्रोत नक्सांकन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>१८.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति - मिति २०७५/३/०४ मा गाँउसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः
<table>
<tr><th>क्र.स.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१२५०००००</td><td>१२५०००००</td><td>१००</td></tr>
<tr><td>२</td><td>पुर्वाधार विकास</td><td>१७२१४००००</td><td>१५२१४००००</td><td>८८.३८</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१८९९९०००</td><td>१८९०००००</td><td>९९.४८</td></tr>
<tr><td>४</td><td>वातावरण तथा विपद व्यवस्थापन</td><td>१३६०००००</td><td>१३६०००००</td><td>१००</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४२८४०००</td><td>४२०००००</td><td>९८</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनीक</td><td>३५२७५०००</td><td>२६३१८१८७</td><td>७४.६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी १०० प्रतिशत र घटीमा ७४.६ प्रतिशत खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>आयको अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,४५,१६,०००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.२,५४,३३,६३६।- अर्थात अनुमान भन्दा २६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>१९.१</td><td>आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रीय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>२६,०९,१२,९०९/-</td><td>२,५४,३३,६३६/-</td><td>९.७६</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले गाँउपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>मध्यकालिन खर्च संरचना - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न गाँउपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१. | **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाँउपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाँउपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| २२. | **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| २३. | **आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• गाँउपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• गाँउपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• गाँउपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| २४. | **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस बर्षको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय,कैलालीबाट भएको छ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२५.</td><td>आ.ले.प.शाखा - प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाँउपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि एकमुष्ठ रु.११,१७,१८३।- लाख जम्मा गरेको देखियो । एक महिना बरावरको रकम बार्षिक रुपमा जम्मा गरी कोषमा जम्मा गर्नुपर्नेमा गाँउपालिकाको तर्फबाट एकमुष्ठ जम्मा गरेको छ । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>कर्मचारी व्यवस्था - कार्यालयले उपलव्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ३७ रहेता पनि पदपूर्ति २१ जना भएको पाइयो । १६ पद रिक्त भएकोमा सो को पदपूर्ति गर्नु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२७.१</td><td>वडा सचिवको पदपूर्ति - गाँउपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरवन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>९</td><td>९</td><td>९</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>चौमासिक खर्च - गाँउपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छ ।
<table>
<tr><th rowspan="2">क.सं.</th><th rowspan="2">बजेट उपशीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>२४२६८८२६७</td><td>६१५५०२१४</td><td>४८६९६५५७</td><td>११६४५५१८५</td><td>१५९८६३११</td></tr>
<tr><td>२</td><td>पूँजीगत खर्च तर्फ</td><td>२४१४२६७९९</td><td>१३०४०६०३</td><td>८१९९१९८०</td><td>१६५१२६८४४</td><td>१८७३२६२८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८,४१,१५०६६/-</td><td>७,४५,९०,८१७/-</td><td>१३,०६,८८,५३७/-</td><td>२८,१५,८२,०२९/-</td><td>३,४७,१८,९३९/-</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१५.४०</td><td>२६.९९</td><td>५८.१६</td><td>७.१७</td></tr>
</table>
गाँउपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४८ करोड ४१ लाख १५ हजार कुल खर्च भएकोमा प्रथम चौमासिकमा रु.७ करोड ४५ लाख ९० हजार अर्थात १६.४० प्रतिशत, दोश्रो चौमासिकमा रु.१३ करोड ०६ लाख, अर्थात २६.९९ प्रतिशत र तेश्रो चौमासिकमा रु.२८ करोड १५ लाख ८२ हजार, अर्थात ५८.१६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३ करोड ४७ लाख १८ हजार अर्थात ७.१७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>सेवाप्रवाहको स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १४ वटा ऐन, ३ वटा नियमावली, ३ वटा निर्देशिका, २६ वटा कार्यबिधि, २ वटा नीति, १ वटा मापदण्ड १ वटा दिग्दर्शन स्वीकृत</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाँउपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| **पञ्जिकरण तर्फ** | |
| जन्मदर्ता | १६३९ |
| मृत्यू दर्ता | २८१ |
| बसाईसराई दर्ता | ८१ |
| बिबाह दर्ता | ७४८ |
| सम्बन्ध विच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण (मिटरमा) | ३५०० |
| ग्राभेल सडक निर्माण (मिटरमा) | ५००० |
| नयाँ सडक ट्याक खोल्ने कार्य (मिटरमा) | २४०० |
| कल्भर्ट निर्माण (वटा) | १३ |
| ह्युम पाइप कल्भर्ट (वटा) | ४८ |
| भौतीक तटवन्ध निर्माण (वटा) | १४ |
| टेवा पर्खाल (मिटरमा) | ३०० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाँउपालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये अन्य सेवाहरुको अभिलेख प्राप्त हुन सकेन ।

३०. **न्यायिक समिति र न्याय सम्पादन -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाँउपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| १८३ | १२८ | ५५ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३१. **लक्ष्य प्रगति -** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२६ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| **ठेक्का** | ८ | ०० | ०० | ०० | ८ |
| **उपभोक्ता समिति** | ११८ | ०० | ०० | ०० | ११८ |
| **जम्मा** | १२६ | | | | १२६ |

३१.१ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>ठेक्का व्यबस्थापन - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः<br>
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">वोलपत्र</th></tr>
<tr><th>सोझै खरिद संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>ठेक्का संख्या</th><th>रकम</th></tr>
<tr><td>नखुल्ने</td><td>विभिन्न</td><td>१००९०३७०</td><td>१</td><td>नखुल्ने</td><td>८</td><td>१४३४६८८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.</td><td>बार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु २४,१४,२६,७९९।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाँउपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाँउपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>सवारी साधन खरिद– स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाँउपालिकाले यस बर्ष देहाय बमोजिमका सवारी साधन खरिद गरको छ ।<br>
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटर साइकल</td><td>५</td><td>११,८१,७००/-</td></tr>
</table>
उपरोक्त बमोजिम गाँउपालिकाको आफ्नो आन्तरिक आय रु.२,५४,३३,६३६।- मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन ।</td><td></td></tr>
<tr><td>३५.</td><td>प्राविधिक बिल र कार्य सम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>उपभोक्ता समिति - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ३६.१ | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३६.२ | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण  पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३६.३ | **योजना हस्तान्तरण -** निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा  कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका  सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको  हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३६.४ | **सार्वजनिक तथा सामाजिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था छ । गाँउपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३६.५ | **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७  (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो । यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |
| ३७. | **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २.५ प्रतिशत र अन्य सानातिना खर्च २.५ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेन्सी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |
| ३९. | **भ्रमण खर्च -** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>● अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>● नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>● भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश गरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>● स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>आर्थिक सहायता - स्थानीय सरकार संचालन ऐन, २०७४ को  दफा १०२ बमोजिम गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाँउपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाँउकार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.२०००।- देखि रु. ५,०००।- सम्म जम्मा रु.३,१२,०००।- आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>वडा कार्यालय तर्फको खर्च - गाँउपालिकाले ९ वडा कार्यालयलाई जम्मा रु.९,३६,९९२।- भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाँउ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाँउपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाँउसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम  सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडा अध्यक्ष ९ जना</th><th>कार्यपालिका सदस्य ४ जना</th><th>सभाका सदस्य ३२ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>६३००००</td><td>५२२०००</td><td>३७८००००</td><td>७६८०००</td><td>३८४००००</td><td>९५४००००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१३२००</td><td>१२०००</td><td>५४०००</td><td>००</td><td>००</td><td>७९२००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>९६१९२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.</td><td>मू.अ.कर भूक्तानी - मूल्य अभिबृद्धि कर नियमवली २०५३ को नियम ६(ग) मा सरकारी निकाय सार्वजनिक संघ संस्था वा दर्ता भएको व्याक्तिले ठेक्का सम्झौता वा करार वा वस्तु वा सेवा आपूर्ति बापतको रकम सम्बन्धित ठेक्केदार वा आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भूक्तानी गर्नुपर्ने तथा यसरी जम्मा भएको रकम सम्बन्धित ठेक्केदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक बर्षमा देहायका निर्माण व्यवसायीहरुलाई मू.अ.कर भूक्तानी गर्दा नियमावलीमा व्यवस्था भए बमोजिम मू.अ.कर कट्टा गरी भूक्तानी गर्नुपर्दछ ।</td><td>५,११,०६०/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| व.उ.शि. | भौ.नः/ मिति | योजनाको नाम | निर्माण व्यवसायी | मु.अ.कर रकम | ५०% मु.अ.कर |
|---|---|---|---|---|---|
| वित्तीय समानिकरण पूँजीगत | ३३५-०७६/३/४ | हुलाकी सडक भितरिया देखि सुन्दर शक्ति खेल मैदान सम्म सडक कालोपत्रे | प्वाईन्ट निर्माण सेवा | १६८४७६ | ८४२३८ |
| वित्तीय समानिकरण पूँजीगत | ३३६-०७६/३/४ | अधुरो भडरी चोक मिल देखि हेल्थपोष्ट सडक कालोपत्रे | प्वाईन्ट निर्माण सेवा | १२५३३८ | ६२६६९ |
| वित्तीय समानिकरण पूँजीगत | ३३७ – ०७६/३/४ | हसुलिया देखि रानमुडा जनसेवा प्रा.वि.हुदै कुकुर भुक्का सम्म कालोपत्रे | प्वाईन्ट निर्माण सेवा | १२४३६८ | ६२१८४ |
| वित्तीय समानिकरण पूँजीगत | ३३८ – ०७६/३/४ | अधुरो शंकर कठरियाको घर देखि प्रहरी चौकी छोटी पलिया सम्म कालोपत्रे | प्वाईन्ट निर्माण सेवा | १२१३६६ | ६०६८३ |
| वित्तीय समानिकरण पूँजीगत | ४३४-०७६/३/३१ | २ नम्वर वडा कार्यालय भवन निर्माण | महन्याल निर्माण सेवा | ५४४५४ | २७२२७ |
| राजश्व बाँडफाँट पूँजीगत | १६२-०७६/३/४ | रामपुर देखि रतनपुर सडक कालोपत्रे | अन्जु निर्माण सेवा | १९७४५० | ९८७२५ |
| राजश्व बाँडफाँट पूँजीगत | १७५-०७६/३/१५ | मोहनी वजार देखि हस्पिटल सुर्मिटोल दुधिया हुदै वडा नः ९ जोड्ने सडक कालोपत्रे | रिती रिवाज कन्स्ट्रक्सन | १७३६०८ | ८६८०४ |
| राजश्व बाँडफाँट पूँजीगत | २२८-०७६/३/२८ | धर्मापुर राधास्वामी मन्दिर हुदै धुराह नदी सम्म सडक कालोपत्रे | अन्जु निर्माण सेवा | ५७०६० | २८५३० |
| **जम्मा :** | | | | **१०२२१२०** | **५११०६०** |

**आन्तरीक श्रोत (चालु)**

४४. **स्वकीय सचिवको पारिश्रमिक -** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । अध्यक्ष र उपाध्यक्षको स्वकिय सचिवको पारिश्रमीक भनि मासिक रु.१५,०००।- का दरले २ जनाको (कर बाहेक) रु.३,५६,४००।- खर्च लेखेको पाईयो । यसरी खर्च लेखिएको रकम कानून सम्मत भन्न नमिल्ने रु... — ३,५६,४००/-

४५. **पदाधिकारीलाई अनुगमन तथा बैठक भत्ता -** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाँउपालिकाका बिभिन्न पदाधिकारीले अनुगमन तथा बैठक भत्ता भनि भरपाईका आधारमा देहाय बमोजिम कानून बिपरति भत्ता बुझेको रु.. — ११,२७,७८५/-

| शिर्षक | भौ.नं.र मिति | व्यहोरा | संख्या | खुद भूक्तानी |
|---|---|---|---|---|
| आन्तरीक श्रोत(चालु) | ७६-०७६/३/२३ | बिभिन्न कार्यक्रमको | ५ | ६४४५० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ९०-०७६/३/२३ | बिभिन्न अनुगमन | ९ | ४६२००० |
| | ६९- ०७६/३/१९ | तेस्रो गाँउ सभा अधिवेशन | ५१ | २७२००० |
| | ८२-०७६/३/३० | शिक्षा समितिको बैठक | १३ | ११०५० |
| ०७४-७५ को बाँकी कार्यक्रम | ४४-०७५/१०/९ | प्रहरी कार्यक्रम अनुगमन | १ | ७६५० |
| | ५६-०७५/१२/५ | कार्यपालिका बैठक | ७ | १००००० |
| | ७१-०७६/३/३१ | पशु चौपाय खोप अनुगमन | ३ | ३८२५ |
| शिक्षा सशर्त | ४०-०७६/३/३१ | पढाइ सिप कार्यक्रम अनुगमन | २ | १५३०० |
| समानिकरण चालु | ३०-०७५/६/१९ | जिल्ला सभाको बैठक | १ | १२९६० |
| | १६६-०७५/११/१६ | फाया नेपालको कार्यक्रममा सहभागी | २६ | १२४१५० |
| | २२५/०७६/१/१६ | अनुगमन बैठक | ६ | २५५०० |
| | ३२६/०७६/२/९ | स्वास्थ्य कार्यक्रम अनुगमन | २ | ८५०० |
| | ३४३-०७६/२/९ | सिलबन्दी दरभाउपत्र मूल्यांकन | २ | ११९०० |
| प्रदेश वितिय समानिकरण (चालु) | ७-०७५//१०/१४ | पूर्ण सरसफाई तालिम | २ | २५५० |
| | २२-०७६/१/१९ | खानेपानी तथा सरसफाई | १ | १७०० |
| | ३१-०७६/३/२३ | बिद्यालय अवस्था अनुगमन | ५ | ४२५० |
| | | | | ११२७७८५ |

४६. **फिल्ड भत्ता -** अर्थमन्त्रलयबाट जारी तलबमान सम्बन्धी परिपत्रको फिल्ड भत्ता को आधार अनुसार फिल्डमा अर्थात गाउँ गाउँमा बसी काम गर्ने नापी विभागको नापी टोली, जिल्ला कषि शाखाका जे.टी.ए जस्ता कर्मचारी, तथ्थाङ्क विभागका तथ्याङ्क लिने टोली, सहकारी कार्यालयका फिल्डमा काम गर्ने कर्मचारी, विद्यालय निरीक्षक, मा.सि.का, ग्रामीण स्वास्थ कार्यकर्ता, अदालतका तामेलदार, अमिन आदि जस्ता कर्मचारीहरुले फिल्ड भत्ता पाउने र प्रत्येक महिना कम्तीमा १६ दिन फिल्डमा काम गर्न खटिएको अवस्थामा मात्र फिल्ड भत्ता दिइने, फिल्ड भत्ता लिन निजले काम गरेको कार्यक्षेत्रको वडाको अध्यक्षको सिफारीस आबश्यक पर्ने उल्लेख छ । उक्त कानून बिपरीत देहाय बमोजिम विभिन्न कर्मचारीलाई फिल्ड भत्ता भनि भूक्तानी दिएको पाईयो ।

| भौ.नं.र मिति | पद नाम | खूद भूक्तानी रकम |
|---|---|---|
| ४८-०७५/११/८ | ई. नवराज रावल | ५६,२३२/- |
| ४८-०७५/११/८ | स.ई.हेमराज भट्ट | ३६,३००/- |
| ४८-०७५/११/८ | ई.सुनिल चौधरी | १,१८,८००/- |
| ४८-०७५/११/८ | अ.सब.ई. निर्मल कु.चौधरी | ९५,०४०/- |
| | | ३,०६,३७२/- |

छलफलको क्रममा फिल्डमा खटिने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिंदा वढी व्ययभार पर्ने भएकोले कार्यपालिकाको मिति २०७५।१०।११ को निर्णयवाट फिल्ड भत्ता दिने निर्णय गरी दिएको जनाएको छ ।

४७. **कर्मचारी बाट अनुगमन -** भ्रमण खर्च नियमावली २०६४, को नियम ३ मा भ्रमण आदेश वा निर्णय बेगर भ्रमण गर्नु नहुने तथा नियम १८(१) बमोजिम भ्रमणमा खटिने कर्मचारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ खर्च लेख्नु पर्ने उल्लेख छ । देहाय बमोजिम अनुगमन भत्ता भनी भरपाईको आधारमा देहायबमोजिम खर्च नियम सम्मत नदेखिएको रु.. — ८५,८५०/-

| शिर्षक | भौ.नं.र मिति | व्यहोरा | संख्या | खुद भूक्तानी |
|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| आन्तरीक श्रोत (चालु) | ७६-०७६/३/२३ | बिभिन्न अनुगमन | ६ | ५८६५० |
| शिक्षा सशर्त | ४०-०७६/३/३१ | नियमित रुपमा पढाई सिकाई अनुगमन | ५ | २७२०० |
| | | | | ८५,८५०/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८. | **बिबिध खर्च -** ७५-०७६।३।२३,९४-२०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । गाँउपालिका भएको चौथो गाँउसभा बैठक,तथा नीति तथा कार्यक्रमको सार्वजनिक सुनुवाई कार्यक्रममा रु ३,१०,५६५।- खर्च भएकोमा उपस्थिति पुस्तिका र अभिलेख बेगर भएको खर्च नियमसम्मत मान्न सकिएन । यस्ता कार्यहरुमा भएका खर्चलाई पुष्टीहुने प्रयाप्त प्रमाण साथ नियमित हुनु पर्दछ । | ३,१०,५६५/- |
| | **समानीकरण चालु तर्फ :** | |
| ४९ | **कर्मचारीलाई भत्ता -** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गरिने उल्लेख छ । बोलपत्र मूल्यांकन, अनुगमन भत्ता भनी देहाय बमोजिम भत्ता बितरण गरेको देखियो । यस्तो भत्ता वितरण गर्दा कानूनी प्रक्रिया पुरा गरी अभिलेखाङ्कन सहित खर्च गर्नुपर्ने देखियो । | |

| भौ.नं.र मिति | व्यहोरा | संख्या | खुद भूक्तानी |
|---|---|---|---|
| २४७-०७६/२/१४ | कृषि औजार खरिद दरभाउ पत्र खोल्ने | २० | १७,०००/- |
| २४७-०७६/२/१४ | साना सिंचाई छनौट कार्यक्रम | ६ | ५,१००/- |
| २४८-०७६/२/१४ | सिलबन्दी दरभाउ पत्र खोल्ने | २० | ४२,५००/- |
| २४३-०७६/२/९ | सलबन्दी दरभाउ पत्र खोल्ने | ११ | ४१,६५०/- |
| ३२६-०७६/३/२५ | सलबन्दी दरभाउ पत्र खोल्ने | ६ | २५,३५०/- |
| | | | १३१६००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **असान्दर्भिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । साथै खर्च गर्दा खर्चलाई पुष्टि गर्ने सान्दर्भिक बिलभरपाई लगायतका प्रयाप्त प्रमाण कागजात राख्नु पर्दछ । कार्यालयमा सफ्वयर खरिद गरेको भनी लेखा अधिकृत चिन्ता बहादुर थापाले लिएको पेश्की फछ्र्यौट गर्दा देहायका असान्दर्भिक बिल भरपाई संलग्न गरी खर्च लेखेकोमा सफ्टवयर नै खरिद भएको भन्न सकिएन । तसर्थ सम्बन्धित बाट अशुल हुनु पर्दछ । | ९९,९९९/- |

| सि.नं. | नाम | बिजक नं.र मिति | काम | बिल रकम |
|---|---|---|---|---|
| १ | दक्षिणकाली स्टेशनरी एण्ड सप्लार्यस,कैलाली | ३५१/०७५/१०/५ | कम्प्युटर टाइप | १९५०० |
| २ | दक्षिणकाली स्टेशनरी एण्ड सप्लार्यस,कैलाली | १२३/०७५/९/२८ | मसलन्द खरिद | २०००० |
| ३ | दक्षिणकाली स्टेशनरी एण्ड सप्लार्यस,कैलाली | ३५४/०७५/९/२८ | फोटोकपी | २०००० |
| ४ | दक्षिणकाली स्टेशनरी एण्ड सप्लार्यस,कैलाली | १२९/०७५/१०/११ | कार्यपत्र प्रस्तुती | २०००० |
| ५ | दक्षिणकाली स्टेशनरी एण्ड सप्लार्यस,कैलाली | ३५३/०७५/९/२८ | स्टेशनरी | १९७५० |
| ६ | सीतल डेरी, कैलाली | १५६७/०७५/९/२८ | खाना खाजा | १९७५० |
| ७ | स्पेशल परौठा सेन्टर | ९९६/०७५/९/६ | खाना खाजा | २०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ८ \| सीतल डेरी, कैलाली \| १५६८/०७५/९/२९ \| खाना खाजा \| २०००० | |
| ५१. | **कर कट्टा गर्न छुट** - आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्राप्त भएको पारिश्रमिकमा आयकर कट्टा गर्नुपर्ने व्यबस्था रहेको छ । सोही ऐन अनुसार पारिश्रमिकको लेखांकन नगदमा आधारित गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाका पदाधिकारीहरु लाई गत बर्षको समेत पारीश्रमीक छुट भनी यस बर्ष भूक्तानी गरेको पाईयो । गत बर्षको भूक्तानी कट्टा गरी बाँकी आयमा कर हिसाव गर्दा बाँकी आयमा देहाय बमोजिम कर कट्टा गर्न छुट भएकोले त्यस्तो कर रकम अशुल हुनु पर्ने रु... | ३०,६८०/- |
| ५२. | **काठमाण्डौं डेलिगेशन** - सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । यस गाँउपालिकाका पदाधिकारीहरु बिभिन्न बिषयलाई लिएर काठमाण्डौ डेलिगेशन गएको भनि दैनिक भ्रमण भत्ता रु ६९३००।- तथा बिबिध खर्च रु. ३०७००।- गरी जम्मा रु. १,००,०००।- खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनु पर्दछ । | |
| ५३. | **आवधिक योजना निर्माण** - ०६।०७५।५।२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । कार्यपालिकाको आवधिक योजना निर्माण गर्न सामाजिक बिकास समाज गौरीगंगा कैलालीलाई रु.११,३६,२१२।- भूक्तानी दिएको पाईयो । उक्त संस्था संग सम्झौतामा उल्लेखित देहायका मूलभूत व्यवस्थाको पालना नगरी भएको भूक्तानीलाई नियम सम्मत मान्न नसकिएको रु..... | ११,३६,२१५/- |
| ५४. | **भरपाई पेश हुनु पर्ने** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । सामाजिक सुरक्षा मन्त्रालय मार्फत स्वास्थ्य स्वयम सेविकाको प्रोत्साहन रकम देहायका स्वस्थ्य सस्थाहरुलाई उपलब्ध गराएकोमा सम्बन्धितले बुझेको भरपाई पेश हुनु पर्ने रु... | ३,७५,०००/- |

दफा ५१ को तालिका:

| सि.नं. | पद नाम | बार्षिक आय | लाग्ने कर | कट्टा गरेको | कट्टा गर्न बाँकी |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष लाजुराम चौधरी | ७२०००० | ३०५०० | ६३०० | २४२०० |
| २ | उपाध्यक्ष लक्ष्मी सत्गौवा थारु | ६००००० | ११७०० | ५२२० | ६४८० |
| | | | | जम्मा | ३०,६८०/- |

**आ.ब.०७४।७५ को बाँकी कार्यक्रम तर्फ :**

दफा ५३ को तालिका:

| सि.नं. | व्यहोराको कार्यान्वयन |
|---|---|
| १ | कार्यक्रम शुरु भएको जानकारी सार्वजनिक गर्नु पर्नेमा सो गरेको पाईएन |
| २ | बिल भरपाईको साथमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेमा सो गरेको छैन, |
| ३ | बिल भरपाईलाई पुष्टि गर्ने कागजात,सहभागी हाजिरी,प्रशिक्षक हाजिरी,परीक्षण टिपोट पेश गर्नु पर्ने उल्लेख नभई भूक्तानी भएको, |
| ४ | सार्वजनिक परीक्षण गरेको प्रमाण,सम्बन्धीत वडाको सिफारिश तथा फोटो पेश हुनु पर्ने उल्लेख भएकोमा सो बमोजिम पेश नभएको, |
| ५ | खर्च भई बाँकी रकम फिर्ता गर्नु पर्ने जस्ता शर्तहरुको पालना गर्नु पर्ने उल्लेख भएकोमा सो बमोजिम शर्तहरुको पालना भएको पाईएन । |

**स्वास्थ्य आन्तरिक श्रोत तर्फ :**

दफा ५४ को तालिका:

| सि.नं. | स्वस्थ्य सस्थाको नाम | रकम |
|---|---|---|
| १ | उदासिपुर प्रा.स्वा.के. | ३९,०००/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>गदरिया स्वास्थ्य चौकी</td><td>६०,०००/-</td></tr>
<tr><td>३</td><td>बसौटि स्वास्थ्य चौकी</td><td>४५,०००/-</td></tr>
<tr><td>४</td><td>परेवा स्वास्थ्य चौकी</td><td>५७,०००/-</td></tr>
<tr><td>५</td><td>हसुलिया स्वास्थ्य चौकी</td><td>१,१७,०००/-</td></tr>
<tr><td>६</td><td>रतनपुर स्वास्थ्य चौकी</td><td>५७,०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,७५,०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ :</td><td></td></tr>
<tr><td>५५.</td><td>हेभी मेशीनको प्रयोग - सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नमिल्ने व्यवस्था छ । त्यसै गरी नियम ९७ को उपनियम ३(क१) मा साठी लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायको योगदान खुलाउनु पर्ने व्यबस्था छ । गाउँपालिकामा उपभोक्ता समिति मार्फत संचालन भएका विभिन्न सडक योजनाहरुमा रोलर, डोजर, एक्साभेटर प्रयोग गरेको पाईयो । त्यस्ता योजनाहरु रु.६० लाख भन्दा वढी लागत अनुमान भएको भए तापनि नियमावलीमा भएको व्यवस्था अनुसार प्रत्येक कार्य इकाईमा लाभग्राहीको योगदान खुलाएको छैन । गाउँपालिकाले नियमावलीको व्यबस्था विपरत हेभी मेसिन प्रयोग गर्ने योजना उपभोक्तालाई दिईएको छ, यसमा नियन्त्रण गरिनु पर्दछ । हेभी मेसिन प्रयोग गर्ने योजनाहरुमा पनि उपभोक्ता समितिले डोरहाजिर मात्र पेश गरेको कारण उक्त रोलर, डोजर प्रयोग गरी निमार्ण कार्य गराईयो, अर्थात यथार्थमा काम भएको हो भन्ने आधार पेश भएन । कार्यालयले नियमको पालना गरी निर्माण कार्य गराउनु पर्दछ र यस्ता कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । यसका केही उदाहरणहरु निम्नानुसार छन् ।
<table>
<tr><th>भौ.नः मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२-<br>२०७६/०३/१७</td><td>सुर्मीनाला देखि वर्कामुडा सम्म सडक स्तरोन्नती उ.स.</td><td>सडक स्तरोन्नती</td><td>६७९००००.००</td></tr>
<tr><td>१३-<br>२०७६/०३/१७</td><td>वर्कामुडा देखि वेनौली सम्म सडक स्तरोन्नती उ.स.</td><td>सडक स्तरोन्नती</td><td>६७९००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६.</td><td>उपभोक्ता समितिको म्याद थप - १७- २०७६।०३।२३, लागत अनुमान रु.३८,९८,३७९। भएको टेढी वाँध अन्तर्गत कैलारी २ मा कल्भर्ट र नहर निर्माण योजना मिति २०७५।०९।२६ मा सम्झौता भई मिति २०७६।०२।१५ मा सम्पन्न गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिले निर्माण सम्पन्न गर्नुपर्ने समयको करिव एक महिना पछी मिति २०७६।३।१८ मा म्याद थपको लागि कार्यालयमा निवेदन पेश गरेको छ । उपभोक्ता समितिको माग वमोजिम मिति २०७६।३।३० सम्म काम सम्पन्न गर्ने गरी कार्यालयले म्याद थप गरेको पाईयो । तर सो अवधिमा पनि उपभोक्ता समितिले रु.१९,५९,५५३।६० को मात्र काम गरी भुक्तानी लिएको देखियो । तोकिएको समयमा काम सम्पन्न गर्न नसक्ने उपभोक्ता समितिलाई पटक पटक म्याद थप गरी काम गराउनुको औचित्य पुष्टी भएन । यसरी उपभोक्ता समितिलाई म्याद थप गराई काम गराउने प्रवृत्तिमा नियन्त्रण गरिनु पर्दछ । म्याद थप भएको समयमा पनि काम सम्पन्न नभएको भनि रनिङ्ग विलको भुक्तानी लिएको छ । थपिएको समय सकिदा पनि रनिङ्ग विलको भुक्तानी दिएकोले वास्तविक कामको कार्यसम्पन्न पेश गर्नु पर्ने रु..</td><td>१९,५९,५५३/-</td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण पूँजीगत तर्फ :</td><td></td></tr>
<tr><td>५७.</td><td>नापी किताव - ४०- २०७५।०९।१६, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक</td><td>१,९६,३१८/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले छोटीपलिया कालिरामको घरदेखि भोगेन्द्रको घर, अमितको घर देखि तिलकको घर हुँदै मोहनपुर सम्मको वाटो ग्राभेल गर्ने कार्यको लागि रु.८,०८,०५२। -उ.स.को योगदान वाहेक) भुक्तानी दिएको छ । उक्त ग्राभेल कार्यको लागि River bed gravel ४९८.२९ घ.मि. प्रयोग भएको नापी कितावमा उल्लेख गरेको छ । प्रति घ.मि. (रोयल्टी सहित) रु.१८१२।९० ले भुक्तानी दिएको उक्त ग्राभेल कार्यमा जम्मा ३९० घ.मि.मात्र River bed gravel खरिद गरेको देखियो । खरिद नै नभएको १०८.२९ घ.मि. River bed gravel प्रयोग देखाईएकोले सो ग्राभेल कार्य भएको हो भन्ने आधार पेश भएन । प्रति घ.मि.रु.१८१२।९० ले १०८.२९ घ.मि. को रु.१९६,३१८। -उ.स.योगदान वाहेक) खर्चको प्रमाण पेश गर्नुपर्ने रु.. | |
| ५८. | २५१- २०७६।१।१५, मिति २०७५ मंसिर २३ देखि २५ सम्म संचालन भएको ३ दिने च्याउ खेती तालिम कार्यक्रममा रु.२,००,०००। खर्च भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ५८.१ | अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि, २०७५ मा सवै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्वन्धी मापदण्डको व्यबस्था गरिएको छ । कार्यविधि वमोजिम गाउँपालिका स्तरमा आन्तरिक प्रस्तुतकर्ता (प्रशिक्षक) को प्रति सेसन रु.१,४००। हुने उल्लेख छ । ३ दिने च्याउ खेती सम्वन्धी तालिमको समय तालिका अनुसार जम्मा ८ वटा सेसन सञ्चालन हुने र वाँकी च्याउ खेती सम्वन्धी प्रयोगात्मक क्रियाकलाप हुने जनाएको छ । सो तालिमको लागि प्रशिक्षक श्री बुद्धिराम चौधरीले १२ वटा सेसनको रु.१४००। दरले जम्मा रु.१६,८००। वुझेको देखियो । सञ्चालन नै नभएको ४ वटा सेसनको वढी भुक्तानी भएको रु.५,६००। निज वाट असूल गरी दाखिला गर्नुपर्ने रु.. | ५,६००/- |
| ५८.२ | अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि, २०७५ मा प्रतिवेदकको पारिश्रमिकको व्यबस्था गरिएको छ । एक दिन भन्दा वढीको तालिममा प्रतिवेदकको पारिश्रमिक रु.१५००। भुक्तानी दिनुपर्नेमा रु.३०००। भुक्तानी दिएको पाईयो । प्रतिवेदक श्री सन्तोष कुमार चौधरीलाई कार्यविधि विपरित वढी भुक्तानी भएको असूल गरी दखिला गर्नुपर्ने रु.. | १५००/- |
| ५९. | **जैविक तटवन्ध -** २६५- मनाउ स्कुल देखि डम्वरा सम्म नदिमा जैविक तटवन्ध निर्माणको लागि रु.४,००,०००। खर्च भएको छ । उक्त कामको लागि ९२० वटा वाँस रु.३१५। को दरले रु.२,८९,८००। मा खरिद गरेको भनि खर्च लेखिएको छ । श्रेष्ताको परिक्षण गर्दा संख्या नखुल्ने गरी जम्मा रु.७१,०००। को वाँस खरिद गरेको विल भरपाई पेश भएको छ । जैविक तटवन्धमा वाँस खरिद वापत खर्च लेखिएको रु.२,८९,८००। मध्ये रु.७१,०००। को मात्र विल भरपाई पेश भएकोले वाँकी रु.२,१८,०००। को वाँस प्रयोग भएको आधार पेश भएन । यसरी भएको खर्चको प्रमाण पेश गर्नुपर्ने रु.. | २,१८,०००/- |
| ६०. | **स्मार्ट तथा ई-भिलेज -** गाउँपालिकाको ९ वटै वडामा इन्टरनेट जडान गर्ने गरी मालिका ईनकर्पोरेट प्रा.लि.काठमाण्डौं सँग रु.४४,९९,१००। मा सम्झौता गरी सोही वमोजिम भुक्तानी भएको देखियो । सम्झौताको दफा ७ मा आपुर्तिकर्ताले पेश गरेको क्याटलग वमोजिम Zebra technologies corporation, Headquarters 3 overlook point lincolinslaire IL 60069 United States of America वाट वनेको सामानहरु मात्र प्रयोग गर्नुपर्ने सो वमोजिमको सामान उपलव्ध नगराएमा सम्झौता भंग गर्न सकिने उल्लेख छ । आपुर्तिकर्ताले सामानको एकमुष्ठ कर विजक पेश गरेको तथा स्पेशिफिकेशन खुल्ने कुनै पनि कागजात पेश नगरेकोले आपुर्तिकर्ताले उपलव्ध गराएको सामान क्याटलगमा उल्लेख भए वमोजिमको नै हो भन्ने आधार पेश भएन । यस तर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ । | |
| ६१. | **दोहोरो भुक्तानी -** ३०७- २०७६।०३।१५, सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर बिश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्बजनिक लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । सोही नियमावलीको नियम १०(६) मा यसरी तयार भएको लागत अनुमान एक तह माथिको प्रविधिक वा प्राविधिकहरुको समुहले डिजाईन ड्रईङ्ग समेत जाँच गराई त्रुटी भए त्यस्तो त्रुटी सच्याउन लगाउनुपर्ने | २४,८४४/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यबस्था छ । पालिकाले कटैनी नदी तटवन्ध लक्कडको ग्याविन कार्यमा दर विश्लेषण भन्दा फरक पारी भुक्तानी दिएको देखियो । लागत अनुमान गर्दा एउटै काम ग्याविन वक्स बुन्ने कामको लागि दोहोरो भुक्तानी दिएको देखिएको छ । ग्याविन वक्स ३*१*१ साईजको ४ वक्स खरिद तथा वुन्ने कामको लागि रु.१५,५२४। र ग्याविन वक्स २*१*१ साईजको ४८ वक्स खरिद तथा वुन्ने कामको लागि रु.१,३१,२८०। गरी जम्मा रु.१,४६,८०४। खर्च लेखेको छ । पुनः ग्याविन वक्स ३*१*१ साईजको ४ वक्स वुन्ने कामको लागि रु.२,६०३। र ग्याविन वक्स २*१*१ साईजको ४८ वक्स वुन्ने कामको लागि रु.२२,२४१। गरी जम्मा रु.२४,८४४। भुक्तानी दिएको देखियो । ग्याविन वक्स वुन्ने कामको लागि भएको दोहोरो भुक्तानी असूल गरी दाखिला गर्नुपर्ने रु.. | |
| ६२. | **सोलार जडान -** ३६५- २०७६।०३।२३, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भए पछि स्वीकृत डिजाईन वा स्पेसिफिकेसन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले १ सेट सोलार जडानको लागि सुर्यदिप इनर्जि प्रा.लि.लाई रु.४,२०,०००। भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा तोकिएको स्थानमा सोलार जडान भएको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.. | ४,२०,०००/- |
| ६३. | **न्यानो झोला -** ३७०- २०७६।०३।२३, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले रु.१,९९,१८३। को २२२ पिस (कपडा सेट) न्यानो झोला खरिद गरेको छ । उक्त न्यानो झोला स्वास्थ्य संस्था मार्फत वितरण भएको जनाए तापनि स्वास्थ्य संस्थालाई हस्तान्तरण भएको पनि देखिएन भने वितरणको भरपाई पनि पेश भएन । उक्त न्यानो झोलाको वितरण भरपाई पेश गर्नुपर्ने रु.. | १,९९,१८३/- |
| ६४. | **भरपाई -** ३९६- २०७६।०३।२२, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कृषि तर्फको कार्यक्रममा गाउँपालिका अध्यक्ष लगायत विभिन्न १३ जनाले २६ वटा वैठकको रु.१५००। को दरले रु.३९,०००। वुझेको भरपाई संलग्न गरेकोमा रु.५०,०००। खर्च लेखेको पाईयो । वास्तविक खर्च भन्दा वढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.. | ११,०००/- |
| ६५. | ४३३- २०७६।०३।३०, टेलिभिजन कार्यक्रमहरु प्रसारण गर्दा मिडिया हाउसले उपलब्ध गराएको प्रसारण टाइम सिट संलग्न गरी खर्च लेख्नु पर्दछ । पालिकाले आज्ञा मल्टिमिडिया एण्ड उड्भरटाइजिङ्गसंग गरेको सम्झौतामा चालु आर्थिक वर्षमा भएको विकास निर्माणका कामहरुको टेलिभिजन कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने भन्ने उल्लेख गरेको छ । उक्त टेलिभिजन कार्यक्रम उत्पादन गरी प्रसारण गरेको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.. | १,५०,०००/- |
| | **राजश्व वाँडफाँट पूँजीगत तर्फ :** | |
| ६६. | ९- २०७५।०६।०९, स्वास्थ्य तर्फको आर्थिक वर्ष २०७५।०७६ को बार्षिक समिक्षा कार्यक्रममा स्वास्थ्य संयोजक श्री भुपेन्द्र महरालाई भुक्तानी दिंदा सहभागिहरुको भत्ता तथा प्रशिक्षक भत्ता वापतको पारिश्रमिक कर रु.८,७६०। दाखिला गर्नुपर्नेमा रु.६,७६०। मात्र दाखिला गरेकोले रु.२,०००। घटी कर दाखिला भएको पाईयो । उक्त रकम दाखिला गर्नुपर्ने रु.. | २,०००/- |
| ६७. | **कानून निर्माण -** १५१- २०७६।०२।१६, विद्येयक समिति संयोजक -कार्यपालिका सदस्य) श्री राजेश सुनारले लिएको रु.६,००,०००। पेश्की फछ्र्यौट गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ६७.१ | अधिवक्ता श्री ठेकेन्द्र राज जोशीलाई ऐनको ड्राफ्ट गरे वापत ८ वटा ऐन तथा कार्यविधिको प्रति गोटा रु.२०,०००। को दरले रु.१,६०,०००। भुक्तानी दिएको देखियो । निज संग भएको सम्झौता तथा प्रति गोटा भुक्तानी दिने रकम वारेमा कुनै लिखित प्रतिवद्धता वीना नै रु.२०,०००। ले भुक्तानी दिएको छ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अधिवक्तालाई दिएको कार्यविवरण पनि पेश नभएकोले यस प्रकारको काम वैध करारको माध्यमवाट गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६७.२</td><td>अरुण प्रिन्टर्स धनगढीवाट विधेयक संगालो ३०० प्रति छपाई रु.२,६५,५००। -मु.अ.कर वाहेक) र नेपाली कागजमा ऐन र कार्यविधि छपाई ४५ सेट रु.८५,५००। -मु.अ.कर वाहेक) गरी जम्मा रु.३,५१,०००। -मु.अ.कर वाहेक) को अग्रिम आयकर रु.५,२६५। कट्टा गरेको पाईएन । सो भुक्तानीको अग्रिम आयकर दाखिला गर्नुपर्ने रु..</td><td>५,२६५/-</td></tr>
<tr><td>६७.३</td><td>पेश्की लिएको रकम रु.६,००,०००। मध्ये रु.४३,३७०। विविध खर्च गरेको देखाएको छ । ऐन कानून छपाई तथा ड्राफ्ट कार्यको लागि लिएको पेश्की फछ्र्यौट गर्दा विविध खर्चको विल भरपाई पेश गर्नु सान्दर्भिक देखिएन । विद्येयक समितिको वैठकको खर्च अन्यत्रवाट नै भुक्तान भएको देखिएकोले पेश्की फछ्र्यौटमा विविध खर्चको विल भरपाई पेश गरेको रकम असूल गर्नुपर्ने रु..</td><td>४३,३७०/-</td></tr>
<tr><td>६८.</td><td>वाखा पालन - ७६- २०७५।११।२६, वाखा पालन तथा खोर सुधार कार्यक्रम अन्तर्गत मिति २०७५।११।१६ देखि २०७५।११।१८ सम्म ३ दिने तालिम संचालनमा देखिएको व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>६८.१</td><td>वडा नः १ को तालिममा सहभागि विभिन्न १५ जना कृषकहरुलाई रु.४,५००। को दरले जम्मा रु.६७,५००। नगद वितरण गरिएको छ । वाखाको खोर सुधारको लागि अनुदान दिएको जनाएको उक्त रकमवाट खोर निर्माण भयो भन्ने आधार प्रमाण पेश भएन । यसरी नगद वितरण भएको अनुदानवाट कृषकहरुले खोर निर्माण गरेको प्रमाण पेश गर्नुपर्ने रु..</td><td>६७,५००/-</td></tr>
<tr><td>६८.२</td><td>अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि, २०७५ मा प्रतिवेदन लेखनको पारिश्रमिकको व्यबस्था गरिएको छ । एक दिन भन्दा वढीको तालिममा प्रतिवेदकको पारिश्रमिक रु.१५००। भुक्तानी दिनुपर्नेमा रु.६०००। भुक्तानी दिएको पाईयो । प्रतिवेदक श्री घनश्याम आफ्नालाई कार्यविधि विपरित वढी भुक्तानी भएको असूल गरी दखिला गर्नुपर्ने रु..</td><td>४,५००/-</td></tr>
<tr><td>६९.</td><td>विमा - १४४- २०७६।०२।१४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँ भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले वडा नः ६ को वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिंदा आईटम नः १ मा General requirements मा राखि रु.१०,०००। विमा वापतको भुक्तानी दिएको छ । खरिद नियमावलीमा भएको व्यबस्था विपरित उपभोक्ता समितिलाई भुक्तानी भएको विमाको रकम असूल गरी दाखिला गर्नुपर्ने रु..</td><td>१०,०००/-</td></tr>
<tr><td>७०.</td><td>वढी दर - १९३- २०७६।०३।२३, सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर बिश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्बजनिक लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । पालिकाले सुरक्षित सडक निर्माण तथा मर्मत संभार योजना अन्तर्गत उपभोक्ता समितिलाई माटो पुर्ने कामको भुक्तानी दिंदा दर विश्लेषणमा फरक पारी भुक्तानी दिएको देखियो । दर विश्लेषण फरक पारी भुक्तानी दिएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु..
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>प्रयोग भएको दर</th><th>दर विश्लेषण वमोजिम</th><th>वढी दर ( प्रति घ.मी.)</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>Earth filling by manual</td><td>१२७५ घ.मि.</td><td>४३५.२५</td><td>२३२.५०</td><td>२०२.७५</td><td>२५८५०६.००</td></tr>
</table></td><td>२,५८,५०६/-</td></tr>
<tr><td>७१.</td><td>२०७- २०७६।०३।२५, गाउँपालिका स्तरिय नर्सरी विरुवा तथा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गत सामुदायिक वन उपभोक्ता महासंघ नेपालले संचालन गरेको ३ दिने कार्यक्रम (२०७६।३।१ देखि २०७६।३।३ सम्म) मा रु.३,००,०००। भुक्तानी दिएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>७१.१</td><td>प्राप्त विवरण अनुसार मिति २०७६।३।१ देखि २०७६।३।३ सम्म संचालन भएको तालिम कार्यक्रममा जम्मा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १२ वटा सेसन संचालन भएको पाईयो । तर उक्त तालिम कार्यक्रममा निम्नानुसार २४ सेसनको भुक्तानी दिएको छ । नचलेको १२ सेसनको रु.३०००। को दरले भुक्तानी भएको रु.३६,०००। असूल गर्नुपर्ने रु.. | ३६,०००/- |

| सि.नः | प्रशिक्षकको नाम | सेसन संख्या | दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | रेन्जर श्री राम औतार चौधरी | ५ | ३०००.०० | १५०००.०० |
| २. | सहजकर्ता श्री भूवन शर्मा | ५ | ३०००.०० | १५०००.०० |
| ३. | सहजकर्ता श्री सुनिता चौधरी | २ | ३०००.०० | ६०००.०० |
| ४. | स.व.अ.श्री मोहमद जैनुद्धिन | ५ | ३०००.०० | १५०००.०० |
| ५. | सहजकर्ता श्री विजयराम श्रेष्ठ | ५ | ३०००.०० | १५०००.०० |
| ६. | सहजकर्ता श्री अनिल कुमार चौधरी | २ | ३०००.०० | ६०००.०० |
| जम्मा : | | २४ | | ७२०००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७१.२ | **वढी भुक्तानी -** अर्थ मन्त्रालय खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि, २०७५ मा सवै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्वन्धी मापदण्डको व्यबस्था गरिएको छ । कार्यविधि वमोजिम गाउँपालिका स्तरमा प्रवचन र कार्यपत्र वापत श्रोतव्यक्ति -प्रशिक्षक) को प्रति सेसन रु.१,४००। हुने उल्लेख छ । मिति २०७६।३।१ देखि २०७६।३।३ सम्म संचालन भएको तालिम कार्यक्रममा १२ सेसनको प्रति सेसन रु.३०००। को दरमा भुक्तानी दिएकोले प्रति सेसन रु.१,६००। ले १२ सेसनको करकट्टी पछिको रु.१६,३२०। वढी भुक्तानी भएको देखियो । वढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.. | १६३२०/- |
| ७२. | २२७- २०७६।३।२३, कैलारी गाउँपालिका र स्मार्ट सोसाईटी नेपाल पवेरा, कैलारी वीच भएको सम्झौता वमोजिम विभिन्न क्षमता विकास तथा रोजगार कार्यक्रमहरु स्मार्ट सोसाईटीवाट गराएको पाईयो । यस आर्थिक वर्षमा विभिन्न सात प्रकारको तालिम उक्त संस्थाको माध्यमवाट गराई रु.२४,८७,४३३। खर्च लेखेको छ । उक्त संस्थाले संचालन गरेको तालिमसँग मिल्ने प्रकारको क्षमता विकास तालिम पालिकाको विभिन्न वडाहरुमा सोझै कार्यालयले पनि गराएको कारण उक्त क्षमता विकास सम्वन्धि तालिममा दोहोरोपना छैन भन्ने आधार पेश भएन । अर्कोतर्फ यतिका संख्यामा क्षमता विकास तालिम संचालन गरिएको तर सो तालिमको अघि र पछि लाभग्राहीमा के परिवर्तन आयो त्यसको मापन गरिएको छैन । यसले प्रत्येक वर्ष पालिकाले क्षमता विकास तालिममा खर्च गर्दै जाने तर शुन्य प्रगति हुने अवस्था लाई देखाउछ । यस वर्ष स्मार्ट सोसाइटी नेपाल पवेरा, कैलारीवाट संचालन भएका क्षमता विकास तथा रोजगार कार्यक्रम निम्नानुसार छन् । | |

| सि.नः | कार्यक्रमको नाम | खर्च रकम | कर |
|---|---|---|---|
| १. | ड्राईभिङ्ग तालिम कार्यक्रम | ३४४०३५.०० | ३७११०.०० |
| २. | वेतको सामग्री निर्माण तालिम | ३७४४६०.०० | १२८५०.०० |
| ३. | भवन पेन्टिङ्ग तालिम | ४१४७६८.०० | १२९००.०० |
| ४. | ग्रिल सटर निर्माण तालिम | ४२४८४०.०० | १३४२५.०० |
| ५. | हाउस वाईरिङ्ग तालिम | ३९०४०८.०० | १४५६५.०० |
| ६. | पावरटिलर तथा पम्प सेट मर्मत तालिम | ३२६२४०.०० | १३४८५.०० |
| ७. | एड्भान्स कम्प्यूटर तालिम | ४९५४६०.०० | ३०१११.०० |
| जम्मा : | | २७७०२११.०० | १३४४४६.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७२.१ | स्मार्ट सोसाईटी नेपाल पवेरा, कैलारीले संचालन गरेको तालिम कार्यक्रममा विभिन्न भुक्तानीमा कर कट्टी गरेको दाखिला गरेको नदेखिएको रु.. | १,३४,४४६/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७३.</td><td>बृहत गुरुयोजना निर्माण - २०६।०७६।३।२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । यस गाँउपालिकाको गुरुयोजनाको निर्माण गर्न प्रथम चरण बापतको रकम भनि डिम मेकर्स ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु. १८,९६,२५३।- भूक्तानी गरेको पाईयो । उक्त कन्सल्टेन्सीसँग भएको सम्झौता,गुरुयोजनाको प्रति, कर बिजक लगाएतका प्रमाण हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु........</td><td>१८,९६,२५३/-</td></tr>
<tr><td></td><td>बिपद व्यवस्थापन तर्फ :</td><td></td></tr>
<tr><td>७४.</td><td>त्रिपाल बितरण - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । बिपद व्यवस्थापनमा राहत बितरणको लागि रु. १४,५४,६४६।- खर्च भएकोमा कतिपय वडा कार्यालयहरुमा वडा कार्यालयको निर्णय बेगर बितरण गरेको पाईयो । यसरी बितरण गर्दा बितरणको यर्थाथता र बिश्वसनियता एकिन गर्न सकिएन । साथै देहायका बमोजिम सिधै खरिद भई बितरण भएका त्रिपालको बितरण भरपाई पेश भई नियमित हुनु पर्ने रु ...
<table>
<tr><th>भौ.नं.र मिति</th><th>फर्मको नाम</th><th>त्रिपाल थान</th><th>भूक्तानीरकम(मु.अ.कर समेत)</th></tr>
<tr><td>२८-०७६/३/५</td><td>आर.जे.टेड्रर्स</td><td>४७</td><td>९८६९९</td></tr>
<tr><td>२८-०७६/३/५</td><td>राधाकुमारी टेड्रर्स एण्ड सप्लार्यस</td><td>२५०</td><td>४९७२४८</td></tr>
<tr><td>२८-०७६/३/५</td><td>शर्मा इम्पेक्स</td><td>२५१</td><td>४९६९७८</td></tr>
<tr><td>३०-०७६/३/१२</td><td>शर्मा इम्पेक्स</td><td>५३</td><td>१०४९२७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६०१</td><td>११,९७,८५२/-</td></tr>
</table></td><td>११,९७,८५२/-</td></tr>
<tr><td></td><td>शिक्षा तर्फः</td><td></td></tr>
<tr><td>७५.</td><td>बिद्यालय निकासा खाता - कार्यालयले शिक्षा ऐन नियमावलीले तोकेको ढाँचामा बिद्यालयलाई जाने सवै किसिमका रकम देखिने गरी निकासा खाता राख्नु पर्ने व्यवस्था छ । गाँउपालिका भित्रका सवै आधारभूत तथा माध्यामिक बिद्यालयहरुलाई तलब भत्ता छात्रबृति,रकम व्यवस्थापन अनुदान भौतिक निर्माण अनुदानको निकासा खाता अभिलेख तयार गरेको छैन । यसले गर्दा दोहोरो तथा बढी निकासा भएको छैन भनि एकिन गर्न सक्ने अवस्था रहेन ।</td><td></td></tr>
<tr><td></td><td>प्रधानमन्त्री रोजगार तर्फ :</td><td></td></tr>
<tr><td>७६.</td><td>रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या वडाको सिफारिशको आधारमा तयार गरेको,सूचिकृत बेरोजगारको पहिचाहन हुन नसकेको निवेदनको आधारमा मत्र बेरोजगारको संख्या निर्धारण गरको पाईयो । साथै श्रमिकहरुको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **समपुरक पूँजिगत तर्फ :** | |
| ७७. | **खर्चमा मितव्यीता -** १५०-०७६।२।१४, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । साथै कार्यालयको जनशक्तिबाट सम्पादन हुने प्रकृतिका कामहरुलाई बाहय निकाय वा पदाधिकारी वा संस्थाबाट गराउदा खर्चमा मितव्यीता अपनाएको मानिदैन । गाँउ कार्यपालिकाको विस्तृत कार्यबिबरण तयार गर्नका लागि सार्थक रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.काठमाण्डौ बीच २०७६।१।१ मा सम्झौता भई कार्य सम्पन्न पश्च्यात सम्झौता बमोजिमको रु.४,९६,०७१।- भूक्तानी भएको छ । प्राप्त उक्त प्रतिवेदनको कार्यान्वयन भएको छैन । यस्ता प्रकृतिका खर्चहरुमा नियन्त्रण गरि नियमित गर्नु पर्ने रु……… | ४,९६,०७१/- |
| ७८. | **धरौटी तर्फ -** १४।०७६।३।३० आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६५(१) मा कुनै काम गर्न धरौटी राख्नु पर्ने भई राखिएको धरौटी रकम काम पुरा नगरेको कारणले जफत गर्नु पर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी रकम जफत गर्नु पर्ने उल्लेख छ । आ.ब.०७४।७५ मा वडा नं. ८ मा रहेको छोड्की डुवरी तालमा ठेक्का लागि सकेपछि सवै भन्दा बढी कबोल गर्ने ठेक्केदार चिरन्जिवी चौधरीले काम सम्पन्न गर्न नसक्ने भनी रु. २७५००।- माग गरेकोमा गा.पा.को निर्णय बमाजिम उक्त ठेक्केदारलाई साही रकम फिर्ता दिएको पाईयो । यसरी नियम बिपरीत फिर्ता दिएको रकम सम्बन्धित बाट अशुल भई दाखिला हुनुपर्ने रु…… | २७,५००/- |
| ७९. | **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा प्रतिस्पर्धा सिमित गर्ने उद्देश्यले लागत अनुमान टुक्रा गर्नुहुदैन भन्ने उल्लेख छ । देहाय बमोजिम खरिद तथा निर्माणमा प्रतिस्पर्धा कम हुने गरी टुक्रा खरिद गरेको पाईयो । यस प्रकारको कार्यलाई नियम संगत भएको भन्न सकिने अवस्था नदेखिएको रु… | १,००,९०,३७०/- |

| सि. नं. | शिर्षक | गो.भौ.नं./मिति | व्यहोरा | काम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १. | आन्तरीक श्रोत(चालु ) | १०९-०७६/३/३१ | मोहराइन कम्प्युटर | कम्प्युटर मर्मत | २५०००० |
| २. | आन्तरीक श्रोत(चालु | ६१-०७६/१/१७ | बागेश्वरी प्रिन्टर्स,हसुलीय | छपाई | ८३७०० |
| ३. | गत बर्षको बाँकी काम | १६-०७५/७/११ | इमेजिङ्ग टेड्रस कर्न्सन | मेशिनरी सामान | ३६४००० |
| ४. | गत बर्षको बाँकी काम | १७-०७५/७/११ | न्यू मनिषा ईलेक्ट्रोनिक्स | मेशिनरी सामान | ३९५६०० |
| ५. | गत बर्षको बाँकी काम | ३४-०७५/९/९ | नवदुर्गा ट्रेड कर्न्सन | मेशिनरी सामान | ४९५९९८ |
| ६. | गत बर्षको बाँकी काम | १८-०७५/७/१७ | शिवपुरी फर्निचर उद्योग | फर्निचर खरिद | ४८७६५१ |
| ७. | गत बर्षको बाँकी काम | ३५-०७५/९/१९ | सहिदान स्टिल तथा काठ फर्निचर उद्योग | फर्निचर खरिद | २९२८९६ |
| ८. | गत बर्षको बाँकी काम | ४७-०७५/१०/२० | पूर्णागिरी फर्निचर उद्योग | फर्निचर खरिद तथा फिटिङ्ग | १९९७५५७ |
| ९. | गत बर्षको बाँकी काम | ५१-/०७५/११/८ | पूर्णागिरी फर्निचर उद्योग | फर्निचर खरिद | ४९९४६० |
| १०. | गत बर्षको बाँकी काम | ५२-०७५/११/०८ | रक्षा काठ एण्ड मेहल फर्निचर | फर्निचर खरिद | ४९९६८६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | गत बर्षको बाँकी काम | १९-०७५/७/११ | बैजपुरको किसान हयाचरी | दाना उद्योग | १६१३६९८ |
| १२. | स्वास्थ्य आन्तरीक श्रोत | ५३-०७५/११/२१ | अनुषा फार्मेसि | औषधी खरिद | ३८३२०८ |
| १३. | स्वास्थ्य आन्तरीक श्रोत | ५८-०७६/१/१५ | यसोदा फार्मेसि | औषधी खरिद | ४६८७६२ |
| १४. | बिपद व्यवसथापन | ३७-०७६/२/१२ | | सोलार प्यानल खरिद तथा जडान | ७७३००० |
| १५. | समानीकरण चालु | ७०-०७५/७/२० | | अफिस सामान | ४२२२०१ |
| १६. | समानीकरण चालु | १०६-०७५/९/९ | | अफिस सामान | ४९९५७३ |
| १७. | समानीकरण चालु | ११२-०७५/९/१३ | | अफिस सामान | २८२७८२ |
| १८. | समानीकरण चालु | २९८-०७६/३/१५ | | अफिस सामान | १२९५०० |
| १९. | समानीकरण चालु | २४३-०७६/२/१४ | | अफिस सामान | १५१०९८ |
| | | **जम्मा** | | | **१००९०३७०/** |

**सामाजिक सुरक्षा तर्फ**

८०. **अभिलेख अद्यावधिक तथा बढी भुक्तानी -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS system मा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ ।

८१. **पेश्की बाँकी -** आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछ्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले गाँउपालिकाको विभिन्न पेश्की आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा फछ्यौट गराउनु पर्ने देखिएको रु.. — बेरुजू रकम: १,७८,५९,४००/-

| शिर्षक | पेश्की लिने | प्रयोजन | रकम |
|---|---|---|---|
| विपद् व्यवस्थापन तर्फ | बाल कुमारी चौधरी | वडा नं.१ बिपद व्यवस्थापन | ५७८०००.०० |
| | हिरा ठकुल्ला | वडा नं.२ बिपद व्यवस्थापन | ८८८०००.०० |
| | सन्तोष कुमार चौधरी | वडा नं.३ बिपद व्यवस्थापन | ८१५०००.०० |
| | दिपेन्द्र कुमार चौधरी | वडा नं.४ बिपद व्यवस्थापन | ११७००००.०० |
| | सोनु राज चौधरी | वडा नं.५ बिपद व्यवस्थापन | ३७००००.०० |
| | सोम प्रसाद चौधरी | वडा नं.६ बिपद व्यवस्थापन | ७५५०००.०० |
| | गणेश राम चौधरी | वडा नं.७ बिपद व्यवस्थापन | २६१०००.०० |
| | तुलसी राम चौधरी | वडा नं.८ बिपद व्यवस्थापन | २७४०००.०० |
| | ठागु राम चौधरी | वडा नं.९ बिपद व्यवस्थापन | ६२१०००.०० |
| राष्ट्रपति चुरे | दिपक व.खड्का | हरित पेटिका निर्माण | ७५०००.०० |
| आन्तरिक श्रोत | दिपक व.खड्का | कार्यक्रम पेश्की | १०००००.०० |
| सामाजिक सुरक्षा | तुलसी राम चौधरी | वडा नः ८ स.सु.भत्ता वितरण | १९३२०००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | दिपेन्द्र कु.चौधरी | वडा नः ४ स.सु.भत्ता वितरण | २४३००००.०० | |
| | | सोम प्र.चौधरी | वडा नः ६ स.सु.भत्ता वितरण | २१६००००.०० | |
| | | ठागुराम चौधरी | वडा नः ९ स.सु.भत्ता वितरण | १७६४८००.०० | |
| | | गणेशराम चौधरी | वडा नः ७ स.सु.भत्ता वितरण | २४५३२००.०० | |
| | | हिरा ठकुल्ला | वडा नः २ स.सु.भत्ता वितरण | २११२४००.०० | |
| | जम्मा : | | | १८७५९४०० | |

**गाउँपालिकाको सञ्चित कोष विवरण** **अनुसूची १**

**२०७५।७६** (रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | कैलारी गाउँपालिका | कैलाली | ४३२९३ | १४८६८० | ३५३७१६ | २५४४ | ५०४९४० | २४२६८८ | २४१४२७ | २४५६७ | ५०८६८२ | ३९५५१ |

**अनुसूची २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

**२०७५।७६** **रु.हजारमा)**

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गनुंपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | कैलारी गाउँपालिका | ६० | ३६ | ४९७४० | ० | ० | ० | ६० | ३६ | ४९७४० | ११०९० | १५३११ | ५४८० | ० | ० | २०७९१ | ० | १७८५९ | १७८५९ |

**अनुसूची ३**

## अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | कैलारी गाउँपालिका | कैलाली | ७५०० | ० | ७५०० | ० | ४९७४० | ५७२४० |